# निर्मला पन्त हत्या घटनाको
# स्थलगत अनुगमन अध्ययन प्रतिवेदन

३० भदौ २०७५




**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा: २७२६, काठमाडौँ

फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१

इमेल: insec@insec.org.np

वेबसाइट: www.insec.org.np, www.inseconline.org

## पृष्ठभूमिः

भीमदत्त नपा-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको हत्या गरिएको अवस्थामा ०७५ साउन ११ गते भीमदत्तनपा-१८ निम्बुखेडा सडक नजिकै रहेको खोलापारी उखुबारीमा भेटियो । २०७५ साउन १० गते मध्यान्ह १२ बजे साथीको घर जान भनेर निस्केकी निर्मला साँझसम्म घर नफर्केपछि उनको अवस्थाका बारेमा परिवारले सोधिखोजी गरेका थिए । सञ्चारमाध्यामहरूमा निर्मला पन्तको शव बलात्कारपछि हत्या गरिएको अवस्थामा भेटिएको समाचारहरू प्रशारण तथा प्रकाशित हुनुको साथै सार्वजनिक भयो ।

बालिका पन्तको शव भेटिए लगत्तै दिनप्रतिदिन जघन्य अपराधका घटनाहरू बढदै गएको भएपनि प्रहरी प्रशासनले ध्यान दिन नसकेको भन्दै घटनामा संलग्न व्यक्तिलाई तत्काल गिरफ्तार गरी कारवाहीको माग गर्दै स्थानीयहरूले महेन्द्रनगर बजारमा प्रर्दशन गरे । आन्दोलनकारीले बालिकाको बलात्कारपछि हत्या भएको दावी गर्दै बालिकाको शव भेटिएकै दिन भीमदत्त नगरपालिकाको कार्यलयमा प्रवेश गर्न खोजेपछि प्रहरी र प्रदर्शनकारीबिच झडप हुँदा आन्दोलनकारी र प्रहरी घाइते (घाइतेको विवरण तल छ ।) भए । आन्दोलनले उग्ररूप लिएपछि प्रहरीले अश्रुग्यास समेत प्रहार गऱ्यो। जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले घटनामा संलग्न भएकाहरूको अनुसन्धान भइरहेको र अपराधिलाई छिटो भन्दा छिटो सार्वजनिक गर्ने, शान्ति सुरक्षाको प्रवन्ध मिलाउने र पीडित परिवारलाई राहतका लागि पहल गर्ने बताएपछि पीडित परिवारले चार दिनपछि दाहसंस्कार गरेका थिए ।

घटनास्थालमा लासको घटना मुचुल्क लिन गएका सुरक्षाकर्मीहरूले मृत अवस्थामा भेटिएकी बालिकाको शरीरमा रहेको कपडा पानीमा धोइपखाली गरेको र सोही कपडाले लासलाई समेत सफा गरिरहेको तस्वीर सामाजिक सञ्जालमा सार्वजनिक भएसँगै 'भाइरल' भयो ।

यसले स्थानीयहरूलाई थप आक्रोशित र सशङ्कित बनायो । घटनामा संलग्न भएकाहरूलाई प्रहरीले नै संरक्षण दिन लागेको भन्दै निश्पक्ष छानविनको माग राखी स्थानियहरूले आन्दोलनलाई चर्काए । घटनाको छानविन गर्न नेपाल सरकारले केन्द्रिय अनुसन्धान विभागका डिएसपी अङ्गुन जिसीको नेतृत्वमा तीन सदस्यीय केन्द्रिय अनुसन्धान टोली नै गठन गऱ्यो । अनुसन्धान टोलीले लामो समयसम्म घटनाको अध्ययन गरेपनि दोषीहरू किटान गर्न नसकेपछि अन्दोलनले अझै चर्कियो ।

आन्दोलनका क्रममा प्रहरीको गोली लागी सनी खुन्नाको मृत्यु भयो । अन्दोलनकारी र प्रहरीहरू घाइते (घाइतेको विवरण तल छ ।) भए । निर्मला पन्त हत्या प्रकरण राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा नै चासोको विषय बन्न पुग्यो । त्यस घटनामा इन्सेकलगायत अधिकारकर्मीको गम्भीर ध्यानाकर्षण भयो । इन्सेकलगायत मानव अधिकार सङ्घ-संस्थाको टोली ०७५ साउन १२ गतेदेखि नै निरन्तर रूपमा घटनाको अनुगमन तथा सत्यतथ्य बुझ्न कञ्चनपुर जिल्लाको महेन्द्रनगरस्थित घटनास्थल पुगेको थियो ।

## स्थलगत अध्ययन प्रक्रियाः

- घटना भए लगत्तै घटनास्थालको अवलोकन तथा पीडित परिवारका सदस्यहरूसँग भेटघाट गरियो ।
- त्यसपश्चात जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन एसपी दिल्लीराज विष्ट र प्रमुख जिल्ला अधिकारी कुमार खड्कासँग भेट गरियो ।

- प्रमुख जिल्ला अधिकारी कुमार खडका र जिल्ला प्रहरी कार्यालयका एसपी दिल्लीराज विष्टलगायतका सुरक्षाकर्मीहरूलाई नेपाल सरकारले जिम्मेवारीबाट हटाएपछि जिल्लाको जिम्मेवारी दिएर पठाइएका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारी र एसपी कुवेर कडायतलाई भेटी घटनाका बारेमा प्रहरीले सार्वजनिक गरेको प्रतिवेदन, आन्दोलनका क्रममा घाइते भएकाहरूको विवरण, अनुसन्धानका लागि गिरफ्तार गरीएकाहरूको विवरणलगायतका सूचनाहरू सङ्कलन गरियो ।
- आन्दोलनका क्रममा मृत्यु भएका परिवारका सदस्य, निर्मालाा हत्या काण्डमा मुख्य आरोपित भनिएका दिलिपसिंह विष्ट र उनका परिवारका सदस्य, आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरू तथा उनका परिवारका सदस्य, घटनाका आरोपित बविता बम र रोशनी बमका बुवा दिपेन्द्रबहादुर बम र घटनामा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरी यातना दिएको भनिएका भिमदत्त नपा-१८ का २३ वर्षीय चक्रदेव बडु, हेमन्ती भट्ट र विनोद विष्टलाई भेटी सूचनाहरू सङ्कलन गरियो ।
- कञ्चनपुरस्थित राजनीतिक दलका प्रमुख, मानव अधिकारकर्मी, पत्रकार, भिमदत्त नगरपालिकाका मेयर सुदेन्द्र विष्टलाई भेटी घटनाका बारेमा उनीहरूको प्रतिक्रिया र धारणाहरू सङ्कलन गरियो ।

## घटना अध्ययन टोलीः

- खड्क राज जोशी, संयोजक, इन्सेक ७ प्रदेश कार्यालय, धनगढी
- कृष्णबहादुर विश्वकर्मा, प्रलेख अधिकृत, इन्सेक ७ प्रदेश कार्यालय, धनगढी
- कोमलनिरञ्जन भाट, इन्सेक जिल्ला प्रतिनिधि, कञ्चनपुर

## अध्ययनबाट सङ्कलित सूचना, जानकारी तथा विवरणका आधारमा प्राप्त तथ्यहरूः

- भीमदत्त नपा-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्त ०७५ साउन १० गते करिब ११ बजे सोही ठाउँ बस्ने १४ वर्षीय रोशनी बम(साथी)को घरमा जान्छु भनेर घरबाट निस्किएको पाइयो ।
- सोही दिन साँझसम्म पनि निर्मला घर नफर्किएपछि दुर्गादेवी पन्त छोरी निर्मलाको खोजतलासका क्रममा निर्मलाको साथी रोशनीको घरमा गएर सोधपुछ गर्दा रोशनी र उनकी दिदी बविता भनिने अनिता बमले फर्किसकेको भन्ने जबाफ दिएको पाइयो । बम दिदीबहिनीहरूको आँगनमा फलेको अम्बा खाएर निर्मला दिउँसो २ बजे निस्किएको बम दिदीबहिनीले जबाफ दिएको पाइयो ।
- बम दिदीबहिनीहरूले ०७५ साउन १० गते २ बजे दिउँसो नै निर्मला पन्त आफ्नो घरबाट गएको बताएपछि निर्मलाकी आमा र उनका छिमेकीले तत्कालै इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयमा घटनाका बारेमा जानकारी दिँदा प्रहरीले खोजतलास गर्ने कार्य दोस्रो दिन ०७५ साउन ११ गतदेखि मात्रै सुरू गरेको पाइयो ।
- ०७५ साउन १० गते बिहान ११ बजेदेखि सम्पर्कविहीन भएकी बालिका निर्मला पन्तको खोजतलासका क्रममा ०७५ साउन ११ गते बिहान भीमदत्त नपा-१८ निम्बुखेडा सडक नजिकै रहेको खोलावारी उनले लिएर गएका कापीकिताब र साइकल भेटियो भने खोलापारी रहेको उखुबारीमा हत्या गरी फालिएको अवस्थामा उनको लास भेटिएको पाइयो ।
- प्रहरीले प्रारम्भिक अनुसन्धानका क्रममा लापरवाही गरेका कारण यथेष्ट प्रमाणहरू नष्ट भएको पाइयो । निर्मालाको लास भेटिएको स्थलमा प्रहरीले घेराबन्दी नगरी निर्मलाले लगाएका कपडाहरू

धोइपखाली गर्नु र सोही कपडाले निर्मलाको शरीरसमेत सफा गर्नुले प्रहरीले प्रारम्भिक अवस्थामा नै प्रमाणहरूको संरक्षण गर्ने कार्यमा लापरवाही गरेको पाइयो ।

- अनुसन्धानमा लापरवाही गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन एसपी डिल्लीराज विष्ट, डिएसपीद्वय अङ्गुर जिसी र ज्ञानबहादुर सेठी, इन्स्पेक्टरद्वय जगदीश भट्ट र एकेन्द्र खड्का तथा असई रामसिंह धामीलाई निलम्बन गरेको पाइयो ।
- निर्मला हत्या प्रकरण घटनाको अनुसन्धानमा भएको लापरवाहीको विषयमा छानबिन गर्न सहसचिव हरिप्रसाद मैनाली नेतृत्वको टोलीले छानबिन गरिरहेको पाइयो भने डिआइजी धिरू बस्नेतको नेतृत्वमा आन्तरिक छानबिन समिति गठन गरेको पाइयो ।
- प्रहरी प्रधान कार्यालयले केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) का एसएसपी ठाकुर ज्ञवाली नेतृत्वको टोलीले प्राविधिक अनुसन्धानका लागि जिल्ला अनुसन्धान टोलीलाई सहयोग गरिरहेको पाइयो । प्रहरी प्रधान कार्यालयका एसपी दुर्गा सिंह नेतृत्वको टोलीले पनि अनुसन्धान सुरू गरेको पाइयो ।
- निर्मालाले लगाएका कपडाहरू धोइपखाली गर्नु र उनको दाहसंस्कारकै क्रममा उनले लगाएका कपडा जलाइएको पाइयो भने घटनास्थल नजिकै प्राप्त भएका उनका कापि किताबहरूको समेत संरक्षण नगरिएको पाइयो । कितावहरूको संरक्षण गर्न सकेको भए 'फिङ्गर प्रिन्ट'बाट अनुसन्धान सहज हुन सक्थ्यो ।
- निर्मला हत्या काण्ड प्रकरण घटनामा मुख्य अभियुक्त रहेको भन्दै जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले भिमदत्त नपा-१८ का दिलिप विष्टलाई सार्वजनिक गरेपछि मानसिक सन्तुलन ठिक नभएका निर्दोष व्यक्तिलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक गरेको भन्दै स्थानीयहरूले आन्दोलन कडा पारेको पाइयो ।
- स्थानीयहरू आक्रोशित भइ गरेको आन्दोलनका कारण सरकारी तथा व्यक्तिगत सम्पत्तिमाथि क्षति पुगेको पाइयो ।
- आन्दोलनमा सहयोग नगरेको आरोपमा आन्दोलनकारीहरूले पत्रकारमाथि हातपात तथा दुर्व्यवहार गरेको पाइयो ।
- स्थानीयहरूले गरेको आन्दोलनका क्रममा प्रहरीले अत्याधीक बल प्रयोग गर्दा दर्जनौ आन्दोलनकारी घाईते भएको पाइयो भने प्रहरीले चलाएको गोलीबाट भिमदत्त नपा - १८ का १७ वर्षीय सन्नी खुनाको मृत्यु भएको पाइयो ।
- प्रहरीले चलाएको गोली लाग्दा मृत्यु भएका सन्नी खुनालाई नेपाल सरकारले सहिद घोषण गरी उनका परिवारलाई १० लाख रुपियाँ राहत रकमसमेत उपलब्ध गराएको पाइयो भने आन्दोलनका क्रममा घाइते भएकाहरूको निशुल्क उपचार भइरहेको पाइयो ।
- अनुसन्धानका क्रममा गिरफ्तार गरिएका भिमदत्त नपा-१८ का २३ वर्षीय चक्रदेव वडु, सोही ठाउँ बस्ने हेमन्ती भट्ट र बिनोद विष्टलाई प्रहरीले मानसिक र शारीरिक यातना दिएको पाइयो ।
- घटनाका मुख्य अभियुक्त भनी प्रहरीले ०७५ भदौ ४ गते सार्वजनिक गरेका भिमदत्त नपा-१९ पापडका ४३ वर्षीय दिलिप विष्टको डिएनए परिक्षण गर्दा नेगेटिभ देखिएको पाइएपछि उनलाई ०७५ भदौ २६ गते काठमाडौंबाट रिहा गरिएको पाइयो ।
- घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले गिरफ्तार गरेका भिमदत्त नपा-१८ का चक्रदेव वडु, सोही ठाउँकी हेमन्ती भट्ट, विनोद विष्ट र बम दिदीबहिनी बविता बम र रोशनी बमलाई समान्य तारिखमा रिहा गरेको पाइयो ।

- घटनामा संलग्न भएकाहरूलाई सरकारले सार्वजनिक नगर्दासम्म निरन्तर रूपमा दबाब दिन जिल्लास्थित नागरिक समाज, मानव अधिकारकर्मी र स्थानीयहरूले दबाब समूहहरू गठन गरी जुलुस, धर्ना, प्रेस विज्ञप्ति तथा ज्ञपन-पत्रमार्फत सरकारको ध्यानकर्षण गराउँदै आएको पाइयो ।

## घटना विवरणः

कैलाली जिल्लामा ०७५ असार १२ गते गौरीगङ्गा नपा-११ की २१ वर्षीय माया बिकको सामूहिक बलात्कारपश्चात हत्या गरिएको घटना सार्वजनिक भएको थियो । यस घटनाले आमनागरिकहरू चिन्तत् हुनुका सथै आक्रोशित भएका थिए । यसै समयमा कञ्चनपुर जिल्लामा पनि बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारका घटनाहरू निरन्तर रूपमा भइरहेका थिए । भिमदत्त नपा-१८ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्त ०७५ साउन १० गते साथीको घर गएदेखि नै परिवारको सम्पर्कमा नआई ०७५ साउन ११ गते बिहान उनको हत्या गरी फालिएको लास भिमदत्त नपा-१८ निम्बुखेडा नजिकै रहेको उखुबारीमा पानीमा डुबेको अवस्थामा भेटिएको थियो ।

साथीको घर गएकी निर्मला साँझसम्म पनि घर नफर्किएपछि उनकी आमा दुर्गादेवी पन्त र आफन्तहरू निर्मलाकी साथी रोशनी बमको घरमा पुगी सोधपुछ गर्दा निर्मला दिउँसो २ बजे नै आफ्नो घरबाट निस्किएको जबाफ बम दिदीबहिनीहरूले दिएको दुर्गादेवी पन्तले बताइन् । निर्मलाकी आमा दुर्गादेवी र छिमेकीहरूले तत्काल इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा खोजतासका लागि अनुरोध गरेपनि प्रहरीले तत्काल केही गर्न नसकिने र भोलिदेखि खोजतास गरौँला भन्ने जवाफ आएको पीडित परिवारले बताए ।

निर्मला हत्या काण्डमा भिमदत्त नगरपालिकाका मेयर सुरेन्द्र विष्टले समेत चासो नदेखाएको भन्दै आक्रोशित स्थानीयहरूले निर्मलाको शवलाई ०७५ साउन ११ गते भिमदत्त नगरपालिका कार्यालय अगाडि राखेर नारा जुलुस गर्नुको साथै कार्यालयमा ढुङ्गा प्रहार गरेका थिए । सोही क्रममा प्रहरीले भिड तितरबितर गर्दा स्थानीय र प्रहरीबीच झडप भएको थियो । शवको पोष्टमार्टमका लागि साउन ११ गते नै महाकाली अञ्चल अस्पतालमा लागि लगिएको भए पनि उनको शवको पोष्टमार्टम ०७५ साउन १२ गते मात्रै गरिएको थियो ।

पोष्टमार्टम रिपोर्ट अनुसार उनको बलात्कार पश्चात 'भोकल कड' थिचेर हत्या गरिएको प्रहरीले जानकारी गराएको पाइयो । पोष्टमार्टम रिपोर्टमा बलात्कारपश्चात हत्या गरिएको सूचना सार्वजनिक भएपछि प्रहरी प्रशासनले लासको दाहसंस्कार गर्न दबाब दिए पनि घटनामा संलग्न भएकाहरूलाई सार्वजनिक नगर्नसम्म लासको दाहसंस्कार नगर्ने अडान राखी पीडितका आफन्त र स्थानीयहरूले आन्दोलन चर्काउँदै गएको पाइयो ।

आन्दोलनका क्रममा ०७५ साउन ११ गते भीमदत्त नपा-१८ का ३७ वर्षीय सुरेन्द्र देउवा, भीमदत्त नपा-३ की ४१ वर्षीया रमिता देउवा, भीमदत्त नपा-४ की ३३ वर्षीया लक्ष्मी मल्ल, भीमदत्त नपा-१८ की ३९ वर्षीया गोमा लामा, भीमदत्त नपा-१९ की सन्तोषी ऐरी घाइते भए । स्थानीयहरूले सञ्चालन गरेको आन्दोलनको दोस्रो दिन प्रहरीसँग भएको झडपमा परी भिमदत्त नपा-२ का गोविन्द जोशी पनि घाइते भए । स्थानीयहरूको चर्को दबाबलाई थेग्न नसकी प्रहरीले घटनामा संलग्न भएकाहरूलाई अनुसन्धानको दायरामा ल्याउने प्रयास भइरहेको र अपराधिलाई छिटोभन्दा छिटो सार्वजनिक गर्ने बताएपछि पीडित परिवार, आफन्तजन र आन्दोलनकारी भित्रका केही व्यक्तिहरूले ०७४ साउन १४ गते

लासको दाहासंस्कार गरेका थिए । घटनामा संलग्न भएको आशङ्कामा भिमदत्त नपा-१८ का २३ वर्षीय चक्रदेव वडु, सोही नपा-२ की हेमन्ती भट्ट र सोही नपा-१८ का दिलीप विष्टलाई प्रहरीले गिरफ्तार गरी शारीरिक तथा मानसिक यातना समेत दिएको थियो ।

अनुसन्धानका क्रममा कुनै सवुत प्रमाणहरू नपाएपछि गिरफ्तार गरिएका तीनै जनालाई जिल्ला प्रहरी कार्यालयले रिहा समेत गरेको पाइयो । घटना भएको २४औं दिनसम्म पनि घटनामा संलग्न भएका व्यक्तिहरूलाई प्रहरीले सार्वजनिक गर्न नसकेपछि स्थानीयहरू थप आक्रोशित भई सरकारी तथा व्यक्तिगत सम्पतिमा क्षति पुऱ्याएका थिए । घटना भएको २५औं दिन ०७५ भदौ ८ गते भिमदत्त नपा-८ का ४१ वर्षीय दिलिप विष्ट घटनाको मुख्य आरोपित भएको भन्दै प्रहरीले सार्वजनिक गरेपछि मानसिक सन्तुलन ठिक नभएका विष्ट मुख्य अभियुक्त हुन नसक्ने र प्रहरीले घटनाका मुख्य अभियुक्तहरूलाई उम्काउन खोजेको भन्दै आक्रोशित स्थानीयहरूले *मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला प्राविधिक कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला अदालत, उच्च अदालत महेन्द्रनगर इजलास,* जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेपाल टेलिकम, गण्डकी विकास बैङ्क, हाम्रो भोजनालयमा तोडफोड र जिल्ला सरकारी वकिलको कार्यालयमा राखेको बा २ भ २७१५ नम्बरको गाडीमा तोडफोड गरेका थिए ।

हजारौँको सङ्ख्यामा आएका आन्दोलनकारीहरूमाथि प्रहरीले अश्रुग्यास प्रहार गर्नुको साथै अन्धाधुन्ध गोलीसमेत चालाएको पाइयो । प्रहरीले चलाएको गोली लागेर भिमदत्त नपा-१८ का १७ वर्षीय सन्नी खुनाको घटनास्थल मै मृत्यु भएको थियो भने भीमदत्त नपा-१८ का ४६ वर्षीय शुरेस चटौत, भीमदत्त नपा-१ का १६ वर्षीय उमेश देउवा, भीमदत्त नपा-१८ का १३ वर्षीय चेतन भट्ट, भीमदत्त नपा-४ का मनोज खडका घाइते भएका थिए ।

घटनाको प्रारम्भिक चरणदेखि नै प्रहरी प्रशासनले लापरवाही गरी घटनाका मुख्य आरोपितलाई जोगाउन खोजेको र आन्दोलनका क्रममा अत्याधिक बल प्रयोग गरी आन्दोलनकारी र स्थानीयमाथि गोली हानी हत्या र घाइते बनाएको आरोप व्यापक रूपमा आउन थालेपछि जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख डिल्लीराज विष्टलाई निलम्बन गरी एसपी कुवेर कडायतलाई जिल्ला प्रहरी कार्यालयको प्रमुखको जिम्मेवारी दिएको पाइयो ।

घटनाको अनुसन्धानमा संलग्न केन्द्रीय अनुसन्धान विभागका डिएसपी अङ्गुन जिसी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी ज्ञानबहादुर सेटी, अनुसन्धान अधिकृत प्रहरी इन्स्पेक्टरद्वय एकेन्द्र खड्का, जगदीश भट्ट र असई रामसिंह धामीलाई समेत निलम्बन गरिएको पाइयो । निर्मला पन्तको बलात्कारपछि हत्याबारे गृह मन्त्रालयका सहसचिव हरिप्रसाद मैनानीको नेतृत्वमा छानबिन गर्न गठित उच्चस्तरीय समितले प्रतिवेदन तयारीको अन्तिम चरणमा पुगेको र छिटै सार्वजनीक गर्न गइरहेको जानकारी पाइएको छ । निर्मला पन्तको हत्या गरिएको झण्डै दुई महिना बितिसक्दासम्म अपराधि पत्ता लाग्न सकेको छैन ।

## घटनाका बारेमा सरोकारवालाहरूको भनाइः

### तारानाथ अधिकारी, प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर



यस घटनामा प्रारम्भिक चरणदेखि नै प्रहरीले लापरवाही गरेको पाइयो । निर्दोष व्यक्तिलाई गिरफ्तार गरी दोषी बनाउने कार्यमा तत्कालीन प्रहरी अधिकृतहरू लागेको पाइयो । तत्कालित सिडिओ र एसपीलाई कारवाही हुन्छ । घटनामा संलग्न भएकाहरूले उन्मुक्ति पाउने ठाउँ हुँदैन र उनीहरू छिटो भन्दा छिटो कानुनी दायरामा आउँछन् । कारवाही अगाडि बढ्छ । म जिल्लामा आइसकेपछि जिल्लाको शान्ति सुरक्षाको अवस्थामा सुधार आएको छ । आगमी दिनमा कुनै अप्रिय घटना हुने देखिँदैन । यसका लागि प्रहरी प्रशासन सचेत भएर लागेको छ ।

### कुवेर कडायत, एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर



निर्मला हत्या काण्डको प्रारम्भिक चरणदेखि नै प्रहरीले लापरवाही गरेको देखिन्छ । तर, यस घटनालाई लिएर नागरिक तह र सञ्चारमाध्यमबाट जुन कर्तव्य निर्वाह गर्नु पर्ने थियो त्यो हुन नसकेको हो कि जस्तो लागेको छ । नागरिकले पनि आफ्नो कर्तव्य निर्वाह गर्न आवश्यक छ । मानव अधिकारकर्मी, पत्रकार र बृद्धिजिवीहरूले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको पनि विचार गर्नु पर्ने हुन्छ । निर्मला हत्या काण्डका बारेमा अनुसन्धान भइरहेको छ । अपराधि छुट्ने अवस्था छैन । यस घटनामा सबैको साथ सहयोग आवश्यक छ र सबै जिम्मेवार भएर जान जरूरी छ । अनुसन्धानका क्रममा प्रहरीले ल्याएका व्यक्तिहरूलाई जमानतमा र धरौटीमा रिहा गरीएको छ । आवश्यक ठानेमा पुनः उनीहरूलाई प्रहरीले अनुसन्धानको दायरामा ल्याउन सक्छ । अहिले जिल्लाको शान्ति सुरक्षाको अवस्था सन्तोषजनक छ । तर, शान्ति सुरक्षाको विषय आन्दोलनले निर्धारण गर्ने विषय पनि हो । पत्रकारहरूले घटनालाई तरङ्गित बनाउने भन्दा पनि यथार्थतामा आधारित समाचारहरू लेख्न आवश्यक छ । अहिलेको आवश्यकता भनेको जिल्लाको शान्तिसुव्यवस्था कायम गर्नु नै हो र यसका लागि प्रहरी प्रशासन संवेदनशील छ ।

### सुरेन्द्र विष्ट, नगर प्रमुख, भीमदत्त नगरपालिका, कञ्चनपुर

निर्मला हत्या काण्डका दोषी जो भएपनि कानुनी दायरामा ल्याएर कडा भन्दा कडा कानुनी कारवाही गरिनु पर्दछ । निर्मलाको शव भेटिएपछि घटनास्थलमा नगर प्रमुख पनि आउनुपर्छ भन्ने



जानकारी पाएपछि म जान तयार भएको थिएँ । घटनास्थल जानलाग्दा जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रमुख दिल्लीराज विष्टले सुरक्षा खतरा हुने भनी नजान सल्लाह दिएपछि म नगएको हो । निर्मलाको शव पोष्टमार्टमका लागि अञ्चल अस्पतालमा नलगेर शव ल्याएको ट्याक्टर नगरपालिकाको गेटमा ल्याएर प्रदर्शन गर्नु, आफूले नबोलेका कुराहरूलाई अफवाहको रूपमा फैलाउनु, व्यक्तिगत रूपमा छोरी, परिवारका सदस्यहरूलाई गालीगलौज गरिनु, सामाजिक सञ्जालमा चरित्र हत्या गर्ने गरी विभिन्न पोष्ट गर्नु र घरमा समेत आक्रमण गर्नाले घटनालाई पुर्वाग्रही ढङ्गले राजनीतिकरण गरेको स्पष्ट भएको छ ।

निर्मलालाई न्याय दिलाउनका लागि पहल गर्न पीडित परिवारलाई भेटेको छु । पीडित परिवारलाई न्याय दिलाउन तथा दोषी पत्ता लागोस भनेर दबाब दिनका लागि जिल्लाका सङ्घीय सांसदसहित गएर गृहमन्त्रीलाई समेत ज्ञापनपत्र बुझाएको थिएँ । यस्तो जघन्य अपराधमा जो पनि अपराधि होस् उसलाई कानुनी दायरामा ल्याइनु पर्छ । दोषीलाई कानुनी दायरामा ल्याउनका लागि अनुसन्धानमा सघाउँदै आएको छु । यो कार्य निरन्तर रूपमा गर्दै आएको छु ।  सरकारले सम्पूर्ण घाइतेहरूको निशुल्क उपचार गर्नु पर्ने र आन्दोलनका क्रममा प्रहरी प्रशासनले गरेको अत्यधिक बल प्रयोगका बारेमा समेत छानबिन गरिनु पर्दछ ।

## हरिप्रसाद बोहरा, सभापति, नेपाली कांग्रेस जिल्ला समिति, कञ्चनपुर

निर्मला हत्याकाण्डका हत्यारा तथा घटनामा संलग्न दोषीहरूलाई पत्ता लगाएर चाँडोभन्दा चाँडो कानुनी कार्वाही गरिनु पर्छ । करिव दुई महिनासम्म सरकारले दोषी पत्ता लगाउन नसकेको कारण सरकार निरिह हुनुका साथै आम जनतामा त्रासको वातावरण छाएको छ । नेपाल प्रहरीले अनुसन्धानमा गरेको लापरवाही र प्रमाण नष्ट गर्ने कार्यले अबपनि निर्मलाले न्याय पाउनमा शङ्का उब्जिएको छ । तत्कालीन प्रहरी अनुसन्धान टिमले निर्मला हत्या घटनामा मानसिक सन्तुलन ठिक नभएको दिलिप विष्टलाई जबरजस्ती दोषी सावित गर्न खोजिएका कारण प्रहरीप्रति अझ बढी शङ्का बढेको हो । सरकारले चाँडो भन्दा चाँडो निर्मला हत्या काण्डका अपराधिहरू पत्ता लगाएर उनीहरूलाई कडा भन्दा कडा कानुनी कारवाही गर्नु पर्छ । निर्मलाको न्यायका लागि भएको आन्दोलनमा घाइते भएका घाइतेहरूको निशुल्क उपचार र उनीहरूलाई राहत उपलब्ध गराउनु पर्छ । निर्मलाले न्याय नपाउँदासम्म कांग्रेसले सरकारलाई दबाब दिइनै रहने छ ।

## दुर्गादेवी पन्त (निर्मलाकी आमा)



म साउन १० गते बिहान ८ बजे तिर सामान ल्याउन बजार गएकी थिएँ । बजारबाट ११ बजेको समयमा घर फर्किएँ र निर्मलाका बारेमा जेठी छोरीलाई सोधेपछि निर्मला रोशनीको घरमा गएको थाहा पाएँ । साँझसम्म पनि निर्मला घर नआएपछि साँझ ६ बजे खोजी

गर्न निर्मलाको साथी रोशनीको घरमा गएँ । रोशनीको घरमा गेट लगाएको देखेपछि गेट बाहिरबाट नै रोशनी राति भइसक्यो निर्मलालाई बाहिर पठाउ भनेर कराएँ । रोशनीले निर्मला २ बजे घर गइसकी यहाँ आएपछि होमवर्क गर्‍यौं, अम्बा खायौं र अम्बा पनि लिएर गएको बताइन् । रोशनीले यस्तो भनेपछि तेरो घरबाट निर्मला हराएकी छ यसको जिम्मेवारी तिमीले लिनुपर्ला भनेर मैले रोशनीलाई भनें । रोशनीकी दिदी बबिता घरबाट निस्किएर तेरो छोरी जहाँ जाओस् उसको बानी कस्तो छ ? थाहा छैन । 'के थाहा पोइल पो गई की ! भनेर कराई । म त्यसपछि घर गएँ ।  फेरि सहन नसकी अन्दाजी राति ८ बजे तिर निर्मलाको खोजी गर्न छिमेकी लक्ष्मण भट्टलाई लिएर रोशनीको घरमा गएँ । दोस्रो पटक पनि रोशनीको घरमा गएर सोध्दा निर्मला २ बजे फिर्ता भएको जबाफ पाएँ ।

रोशनीकी दिदी बविताले बारम्बार आएर डिर्स्टब नगर भनेर उल्टै मलाई नै धम्की दिइन् । यसपछि निर्मला हराएको र बविताको घरमा खोजी गरिदिन भनेर नजिकै रहेको प्रहरी विटमा गएँ । विटमा रहेका प्रहरीले कुरा सुनेपछि भोलि फोटोसहित वडा प्रहरी कार्यालयमा उजुरी हाल्नुस भनेर जबाफ दिए । भोलि बिहान खोजी गर्दा निर्मलाको साईकल बाटोको छेउमा रहेको खोलामा भेटिएपछि निर्मलाको पनि स्थानीयबासीहरूले खोजी गर्दा निर्मलाको बलात्कार पश्चात हत्या गरेको अवस्थामा भेटिएको खबर सुन्ने बित्तिकै म बेहोस भएँ ।

प्रहरीले घटनास्थल सिल नगर्नु र निर्मलाको कपडाहरू पखाल्नुले पनि प्रमाण नष्ट गरी हत्यारालाई जोगाउन खोजेको जस्तो मलाई लागेको छ । घटना भएपछि मैले प्रहरीलाई निर्मलाकी साथी रोशनी र उनकी दिदी बवितामा शङ्का छ । उनीहरूलाई पक्राउ गरी अनुसन्धान गरिदिनु पर्‍यो भनेर प्रहरीलाई अनुरोध गरेँ तर प्रहरीले वास्ता गरेन । यस्तो निर्मम ढङ्गले हत्या भएको दुखद् घटनामा हालसम्म निर्मलाको हत्यारा पत्ता नलगाउनुले मेरो मन धेरै दुखेको छ । न्याय नपाउँदासम्म न्यायको लागि लडिरहने छु ।

### **यज्ञराज पन्त** (**निर्मलाका बुवा**)

घटना भएको समयमा म भारतमा रहेको र घटनाका बारेमा जानकारी पाएपछि  साउन १२ गते घर आएको थिएँ । म घर पुग्दासम्म घटना भएको तीन दिन भइसकेको थियो भने निर्मलाले न्याय पाउनु पर्ने भन्दै न्यायको लागि आन्दोलन सुरू भइसकेको थियो । आन्दोलनकारीहरूले निर्मलाले न्याय नपाउँदासम्म निर्मलाको दाहसंस्कार नगर्ने भनी निर्मलाको शव महाकाली अञ्चल अस्पतालमा राखिएको थियो । निर्मलाको अन्त्येष्टी गर्नका लागि प्रहरीले दबाब दिएपछि आफूहरूले छोरीको दाहासंस्कार गरेका हौं । निर्मला हत्या घटनाका दोषीहरूलाई कानुनी कारवाही नहुँदासम्म न्यायका लागि हामी लडिरहने छौं ।

### **दिपेन्द्रबहादुर बम** (**निर्मला पन्तकी साथी रोशनी बमका बुवा**)

निर्मला साउन १० गते मेरो कान्छी छोरी रोशनी बमसँग घरमा आएकी रहिछन् । निर्मला अम्बा खाएर २ बजे दिउँसो गएकी हो भनेर मेरो कान्छी छोरीले मलाई भनेकी थिइन् । घटना भएको समयमा म घरमा थिइनँ । साउन १४ गते मात्रै म दार्चुलाबाट घर आएको हुँ । निर्मलाको हत्यामा मेरो छोरीहरूको संलग्नता रहेको भन्ने कुरा सत्य हैन । मेरो छोरीले अपराध गरेको भए कारवाही गरिनु पर्छ । तर, मेरो व्यक्तिगत घरमा आएर आक्रमण गर्नु गलत हो । मेरो जेठो छोरीको चरित्र हत्या गर्ने कार्यहरू सामाजिक सञ्जालबाट गरियो । मेरो जेठो छोरी बविताको विवाह नै भएको छैन तर सामाजिक सञ्जालद्वारा डिभोर्स गरी बसेकी, 'बेस्या वृत्ति'मा लागेकी जस्ता चरित्र हत्या गर्ने प्रचारप्रसार गरियो । यसमा मेरो ठुलो चित्त

दुखेको छ । जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन एसपी डिल्लीराज विष्ट र हामी एउटै गृह जिल्ला दार्चुलाका हो त हाम्रो कुनै नाता सम्बन्ध छैन । घटना भएको दिन प्रहरी मेरो घरमा नआएका कारण मेरो छोरीहरूले दुःख पाउने काम भयो । प्रहरी सोही राति आएको भए निर्मलाका आमाबुवा र अन्य मानिसहरूमा शङ्का हुने थिएन । निर्मला हराएको दिन प्रहरी मेरो घरमा नआइदिएर समस्या भयो । मेरो जेठी छोरी २२ वर्षकी भइन् ।

## खड्कसिंह विष्ट (मुख्य अभियुक्त भनी सार्वजनिक गरिएका दिलिप विष्टका दाजु)

लामोसमयदेखि मेरो भाइको मानसिक अवस्था ठिक थिएन । कहिलेकँहि उसले के बोलिरहेको छु भन्ने समेत थाहा पाउँदैन । प्रहरीले अनाहकमा आरोप लगाएर भाइलाई थप पीडा दियो । उसलाई बाटोमा हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको रहेछ । हामीलाई त्यो पनि थाहा थिएन । मानसिक अवस्था ठिक नभएकोले कँहि गयो कि भन्ने लागेको थियो । तर, ०७५ भदौ ४ गते निर्मलाको हत्याको मुख्य अभियुक्त भएको भनेर प्रहरीले सार्वजनिक गरेको कुरा हामीले सुन्यौं । प्रहरीलाई भेट्न जाँदासमेत भेट गर्न दिएन । धेरै मान्छेलाई मेरो भाइ मानसिक सन्तुलन ठिक नभएको हो भन्ने थाहा थियो । प्रहरीले मुख्य अभियुक्त भनेर सार्वजनिक गरेपछि आन्दोलन चर्कियो । उसको डिएनए परीक्षणका लागि काठमाडौं लगियो । काठमाडौंमा डिएनए परीक्षण गरियो भन्ने पनि सुन्नमा आयो । घटनाको अभियुक्त हो भन्ने प्रमाण नपाएपछि उसलाई ०७५ भदौ २६ गते काठमाडौंबाट रिहा गरिएको छ । हाल हामीसँगै बस्दै आएका छन् । प्रहरीले मेरो भाइलाई मानसिक र शारीरिक यातना दिएको रहेछ । अहिले उसको मानसिक अवस्था धेरै बिग्रिएको छ । मेरो आर्थिक अवस्था कमजोर छ । विहानबेलुकी के खाने ? भन्ने समस्या छ । उसको उपचार कसरी गरौं ? उसको उपचारका लागि पहल गरी दिए राम्रो हुने थियो ।

## चक्रदेव वडु (प्रहरी हिरासतमा यातना पाएका व्यक्ति)

म घरमा बसेको अवस्थामा सादा पोशाकमा आएका प्रहरीहरूले मलाई ०७५ साउन २१ गते सोधपुछ गर्नुछ भनेर जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर गरेका थिए । मलाई पक्राउ पुर्जी समेत दिइएको थिएन । मलाई सार्वजनिक मुद्दा लागाएका रहेछन् । मैले प्रहरीमाथि हातपात गरेकाले मलाई सार्वजनिक मुद्दा लगाएको भन्ने थाहा पाएँ तर मैले कुनै पनि प्रहरीमाथि हातपात गरेको थिइनँ । मलाई प्रहरी हिरासतमा १० दिनसम्म राखियो । प्रत्येक दिन सादा पोशाकमा प्रहरीहरू मलाई राखिएको कोठामा आउँथे र मेरो टाउकोमा पेस्तोल राखेर निर्मलाको हत्या मैले गरेको हो भन भनेर मानसिक यातना दिन्थे । मैले आरोप स्वीकार गरिनँ । १० दिनसम्म मलाई लगातार रूपमा बन्दुक र पेस्तोल देखाएर मानसिक यातना दिए । मैले घटनामा आफ्नो संलग्नता नरहेको बारम्बार भन्दै आएपछि मलाई ०७५ साउन ३१ गते ५ हजार रुपियाँ धरौटीमा रिहा गरिएको छ । अहिले पनि राति सुतेको समयमा तर्सिने , डर लाग्ने गरेको छ । मलाई अनाहकमा प्रहरीले दुःख दिने र यातना दिने काम गरे ।

## हेमन्ती भट्ट (प्रहरी हिरासतमा यातना पाएकी व्यक्ति)

०७५ साउन १० गते बिहान म कलेजबाट घर आइरहेको समयमा निर्मला पन्तकी दिदीले मलाई हिसाब सिकाइ दिनुपऱ्यो भनेर मसँगै मेरो घरमा आएकी थिइन् । उ मेरो घरमा पढिरहेकी थिइ । म त्यस दिन २:३० बजे बैङ्कमा काम भएकोले बजार गएँ । बजारबाट घर फर्किंदासम्म पनि निर्मलाकी दिदी मेरो घरमै थिइन् र उनी साँझ ५ बजे तिर आफ्नो घर गइन् । साउन ११ गते बिहान १० बजे म आफ्नो कलेजबाट घर आइरहेकी थिएँ । सोही बेला निर्मलाको हत्या भएको जानकारी पाएकी थिएँ ।

०७५ साउन १८ गते प्रहरीहरू मेरो घरमा आए र सोधपुछ गर्नुछ भनेर जिल्ला प्रहरी कार्यालयमा लिएर गए । निर्मलाको हत्या बारेमा तँलाई के थाहा छ ? भनेर प्रहरीले सोधे । मैले आफूलाई जानकारी नभएको बताएँ तर प्रहरीले तँलाई थाहा हुनुपर्छ भन् भनेर मानसिक यातना दिए । सोही दिन मेरो फेसबुक आइडी पनि प्रहरीले लियो र भोलि आउनु भनेर छोडिदियो । साउन १९ गते म घरबाट प्रहरी कार्यालय जानका लागि आइरहेकी थिएँ । बिचबाटो मै प्रहरीले मलाई समातेर मोटरसाइकलमा राखेर जिल्ला प्रहरी कार्यालय लगेको थियो । पुनः मलाई निर्मलाको हत्याका बारेमा भन् भन्दै यातना दिए । मलाई थाहा छैन भन्दा तेरो टाउकोमा तातो पानी खन्याउनु पर्छ, हत्कडी लगाउनु पर्छ भन्दै धम्की दिएँ । मैले आफूलाई जानकारी नभएको भनिनै रहे र पुनः मलाई अर्को दिन आउनु भनेर घर पठाइयो ।

तेस्रो दिन म केलेजमा थिएँ । सादा पोशाकमा आएका प्रहरीले मलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय लगे । पुनः मलाई निर्मलाको हत्याका बारेमा तँलाई थाहा छ भन्ने भए भन् होइन भने तेरो टाउकोमा तातो पानी खन्याउछौँ भने । मैले आफूलाई निर्मलाको हत्याका बारेमा जानकारी नभएको बताएँ । मैले आफूलाई थाहा नभको बताएपछि मेरा गोडा बाँधेर महिला प्रहरीले कुटपिट गरे । मेरो कलडिटेल हेर्नका लागि मसँग भएका दुवै सिमकार्ड पनि प्रहरीले लियो । त्यसमा केही नभेटिएपछि तँसँग १५ ओटा अन्य सिमहरू छन् । काहाँ छन् हामीलाई देउ भनेर पुनः कुटपिट र यातना दिए । तेस्रो दिन मलाई मानसिक र शारीरिक यातना धेरै दिएपछि मैले प्रहरीलाई भने अब यो सबै कुरा म मेरो बुवालाई भनिदिन्छु । प्रहरीले यातना दिएको कुरा नभन्न भने । भनिस भने तँलाई खतार हुन्छ भनेर प्रहरीले धम्की दियो र भोलि पनि आउनु भनेर घर पठायो ।

०७५ साउन २१ गते मैले बुवालाई प्रहरीको नाममा मुद्दा दिन्छु भनेपछि बुवा र छिमेकीहरूले निवेदन लेखिदिएका थिए । तर, तत्कालीन एसपी दिल्ली विष्टले प्रहरीबाट गल्ती भयो । हामी सम्झौता गर्छौं । निवेदन नदिनुस भनेपछि हामीले निवेदन कँहि कतै दिएनौं । ०७५ साउन २४ गते प्रहरीले फोन गरेर बुवालाई बोलाई कागज बनाएको रहेछ । साउन २७ गते फेरि बोलायो र मलाई कागजमा सहिछाप गर्न लगायो । कागज पढ्छु भन्दा प्रहरीले पढ्न दिएन । त्यसपछि अहिलेसम्म प्रहरीले बोलाएको छैन । निर्मलाको हत्या गर्ने व्यक्तिलाई कडा कारवाही हुनु पर्छ । घटनामा संलग्न भएकाहरूलाई फाँसीको सजाय हुनुपर्छ अनिमात्रै निर्मलाको आत्माले शान्ति पाउनेछ ।

## आन्दोलनका क्रममा प्रहरीको गोली लागेर मृत्यु तथा घाइते भएका व्यक्तिहरूको विवरणः

| क्र.सं | नाम | ठेगाना | उमेर | घटना मिति | घटनास्थल |
|---|---|---|---|---|---|
| १. | सन्नी खुना | भीमदत्त नपा-१८ | १७ | ०७५/०५/८ | महेन्द्रनगरबजार |

## दोहोरो झडपमा घाइते भएका आन्दोलनकारीहरूको विवरणः

| क्र.सं | नाम | ठेगाना | उमेर | घटना मिति | घटनास्थल | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १. | सुरेन्द्र देउवा, | भीमदत्त नपा-१८ | ३७ | ०७५/०४/११ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| २. | रमिता देउवा | भीमदत्त नपा-३ | ४१ | ०७५/०४/११ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ३. | लक्ष्मी मल्ल | भीमदत्त | ३३ | ०७५/०४/११ | महेन्द्रनगरबजार | महाकाली अञ्चल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नपा-४ | | | | अस्पतालमा उपचार भएको |
| ४. | गोमा लामा | भीमदत्त नपा-१८ | ३९ | ०७५/०४/११ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ५. | सन्तोषी ऐरी | भीमदत्त नपा-१९ | १९ | ०७५/०४/११ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ६. | गोविन्द जोशी | भीमदत्त नपा-२ | - | ०७५/०४/१२ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ७. | मञ्जु गिरी | भीमदत्त नपा-१८ | ३२ | ०७५/०५/६ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ८. | अर्जुन भण्डारा | भीमदत्त नपा-६ | १९ | ०७५/०५/७ | महेन्द्रनगरबजार | शिक्षण अस्पताल काठ्माण्डौं |
| ९. | तेज भट्ट | भीमदत्त नपा-३ | ३९ | ०७५/०५/७ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| १०. | सन्तोष कडरिया | कैलाली जिल्ला, कैलारी गापा-३ | २१ | ०७५/०५/७ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ११. | सुरेश चटौत | भीमदत्त नपा-१८ | ४६ | ०७५/०५/८ | महेन्द्रनगरबजार | भरतको बरेलीमा उपचार भएको |
| १२. | उमेश देउवा | भीमदत्त नपा-१८ | १६ | ०७५/०५/८ | महेन्द्रनगरबजार | शिक्षण अस्पताल काठ्माण्डौंमा उपचार भएको |
| १३. | चेटन भट्ट | भीमदत्त नपा-१८ | १३ | ०७५/०५/८ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| १४. | मनोज खड्का | भीमदत्त नपा-४ | - | ०७५/०५/८ | महेन्द्रनगरबजार | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |

**प्रहरीद्वारा हिरासतमा यातना पाएकाहरूको विवरणः**

| क. सं | नाम | ठेगाना | उमेर | घटना मिति | यातना दिएको स्थान | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १. | हेमन्ती भट्ट | भिमदत्त नपा - २ | १९ | ०७५ साउन १८ देखि २४ गतेसम्म | जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर | साउन २७ गतेदेखि आफ्नै घरमा रहेकी |
| २. | चक्र वडु | भिमदत्त नपा - १८ | २३ | ०७५ साउन २१ गते | जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर | साउन ३१ गते ५ हजार धरौटीमा रिहा |
| ३. | दिलिप विष्ट | भिमदत्त नपा - १८ | ४० | ०७५ भदौ ४ गते सर्वजनिक | जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर | भदौ २६ गते काठमाण्डौबाट रिहा |

**आन्दोलनको क्रममा घाइते भएका प्रहरीहरूको विवरणः**

| क्र.सं | नाम | ठेगाना | उमेर | घटनामिति | हालको अवस्था |
|---|---|---|---|---|---|
| १. | हर्कवहादुर पाल | प्रहरी जवान | ३८ | ०७५/०४/११ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| २. | निर्मलाकुवर | प्रहरी जवान | २६ | ०७५/०४/११ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ३. | सोनाचौधरी | प्रहरी जवान | २६ | ०७५/०४/११ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ४. | विनोद राना | प्रहरी जवान | २५ | ०७५/०४/११ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ५. | वलदेव नाथ | प्रहरी जवान | ३३ | ०७५/०४/११ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ६. | बसन्तचौधरी | प्रहरी जवान | २७ | ०७५/०४/१२ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ७. | पुरन वोहरा | प्रहरी जवान | ३१ | ०७५/०५/६ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |

**आन्दोलनकारीद्वारा दुर्व्यवहार तथा कुटपिट गरिएका पत्रकारहरू विवरणः**

| क्र.सं | नाम | ठेगाना/संघसंस्था | उमेर | घटना मिति | हालको अवस्था |
|---|---|---|---|---|---|
| १. | धर्मबहादुर कठायत | भीमदत्त नपा-८ /जनता टिभीका जिल्ला सम्वादाता | ३३ | ०७५/०४/१५ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| २. | कुन्दन पाण्डेय | कञ्चनपुर एफएम | ३४ | ०७५/०५/६ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ३. | पदम बोहरा | नेपाल टेलिभिजनका सम्वादाता | ३९ | ०७५/०५/०८ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ४. | पुष्कर भट्ट | माउन्टेन टिभीका सम्वादाता | ३७ | ०७५/०५/०८ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | तेजसिंह मुस्कान | कान्तिपुर टिभीका सम्वाददाता | ३७ | ०७५/०५/०८ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |
| ६. | महेशप्रशाद जोशी | कान्तिपुर टिभीका सम्वाददाता | ४० | ०७५/०५/०८ | महाकाली अञ्चल अस्पतालमा उपचार भएको |

**आन्दोलनकारीद्वारा क्षति पुऱ्याएका भौतिक संरचनाको विवरणः**

| **क.सं** | **नाम/संस्था** | **विवरण** | **घटना मिति** |
|---|---|---|---|
| १. | भीमदत्त नगरपालिकाको कार्यालय | कार्यालयको गेट तोडफोड | ०७५/०४/११ |
| २. | रोशनी बमको घरमा ढुङगा प्रहार | रोशनी बमका घरका झ्यालका सिसा फुटेका | ०७५/०५/६ |
| ३. | भीमदत्त नपाका प्रमुख सुरेन्द्र विष्टको घरमा ढुङगा प्रहार | नगर प्रमुख सुरेन्द्र विष्टको घरका झ्यालका सिसा तोडफोड | ०७५/०५/०७ |
| ४. | मालपोत कार्यालय, | ढुङगा प्रहार गर्दा मालपोत कार्यालयको झ्यालका सिसामा क्षति | ०७५/०५/०८ |
| ५. | नापी कार्यालय | ढुङगा प्रहार गर्दा नापी कार्यालयको झ्यालका सिसामा क्षति | ०७५/०५/०८ |
| ६. | जिल्ला सरकारी वकिल कार्यालय | ढुङगा प्रहार गर्दा जिल्ला सरकारी वकिल कार्यालयको झ्यालका सिसामा क्षति | ०७५/०५/०८ |
| ६. | आन्तरिक राजस्व कार्यालय, जिल्ला प्रावधिक कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला अदालत, उच्च अदालत महेन्द्रनगर इजलास, जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेपाल टेलीकम, गण्डकी विकास वैंक र हाम्रो भोजनालय | ढुङगा प्रहार गर्दा सवै कार्यालय तथा भोजनालयका झ्यालका सिसामा क्षति | ०७५/०५/०८ |

## निष्कर्ष र सुझाव

निर्मला पन्तको हत्या भएको दुई महिना पुगेको छ । हालसम्म घटनामा संलग्न भएका व्यक्तिको पहिचान हुन सकेको छैन । यस घटनाको निश्पक्ष र प्रभावकारी अनुसन्धन गरी अपराधिलाई कानुनको कठघरमा ल्याएर पीडित परिवारलाई न्यायको अनुभूति दिलाउन आवश्यक छ । निर्मला पन्तको हत्यापश्चात अनुसन्धानको प्ररम्भिक अवस्थादेखि नै प्रहरीले लापरवाही गरेको पाइयो । घटनास्थाल सुरक्षित नगर्नु र घटनास्थलमा रहेको निर्मला पन्तको कपडा धोइपखाली गरी सोही कपडाले उनको शरीरलाई सफा गरिनुले प्रहरीले प्रमाणहरूको संरक्षणमा ध्यान नदिएको प्रष्ट हुन आएको छ । निर्मला पन्तको दाहासंस्कार गर्ने क्रममा उनका सबै कपडाहरू समेत जलाइएको पाइयो ।

अनुसन्धानका क्रममा निर्दोष व्यक्तिहरूलाई गिरफ्तार गरी मानसिक र शारीरिक यातना समेत दिएको पाइयो । घटनामा सङ्लग्न भएकाहरूलाई कारवाहीको माग राखी कञ्चनपुर जिल्लामा सुरू भएको अन्दोलनका क्रममा प्रहरीले अत्याधिक बल प्रयोग गरेको पाइयो जसका कारण दर्जनौं व्यक्तिहरू गम्भीर घाइते भएका छन् भने सोही क्रममा प्रहरीले चलाएको गोली लागेर एक जना व्यक्तिको ज्यान समेत गएको छ । अत्याधिक बल प्रयोग गरेका कारण जनधनको क्षति भएको छ । घटनाको नेपाल सरकारले निश्पक्ष छानबिन गरी दोषी पाइएका सुरक्षाकर्मीहरूलाई समेत कारवाही गर्नुपर्छ ।

## निर्मलाको बलात्कार र हत्यापछिका घटनाक्रम

साउन १०: साथी रोशनी बमको घरबाट बिहान १० बजे हिँडेकी निर्मला हराएपछि आमा दुर्गादेवीद्वारा छोरी खोजी दिन प्रहरलिाई आग्रह ।

साउन ११: निर्मलाको शब भीमदत्त नगरपालिका-१९ स्थित उखुबारीमा फेला ।

साउन १: निर्मला हत्याको विरोधमा भीमदत्त नगरपालिका कञ्चनपुरमा आन्दोलन सुरु ।

भदौ ४: निर्मलालाई बलात्कार गरी हत्या गरेको आरोपमा मानसिक अवस्था ठीक नभएका ४१ वर्षीय दिलिपसिंह विष्ट पक्राउ । न्याय माग्दै जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा धर्ना ।

भदौ ६: महेन्द्रनगरमा प्रहरी र आन्दोलनकारीबीच झडम हुँदा १३ जना घाइते ।

भदौ ७: आन्दोलनका क्रममा दुई प्रहरी र ६ आन्दोलनकारी घाइत । प्रहरीद्वारा जिल्ला प्रशासन कार्यालयबाट आन्दोलनकारीमाथि गोली र अश्रुग्याँस प्रहार । कञ्चनपुर जिल्ला सुरक्षा समितिद्वारा भदौ ७ गते बुलुका ५ बजेदेखि ८ गते बिहान ५ बजेसम्म कर्फ्युको घोषणा ।

- कारागार व्यवस्थापन विभागका महानिर्देशक हरिप्रसाद मैनालीको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन ।
- कञ्चनपुरमा सिडिओ कुमारबहादुर खड्का र जिल्ला प्रहरी प्रमुख एसपी दिल्लीराज विष्टलाई फिर्ता, उनीहरू˘का स्थानमा तीर्थ अधिकारी र एसपी कुबेर कडायत खटिए ।
- प्रतिनिधिसभामा पेश भएको महिला हिंसा विरुद्धको प्रस्तावमा सांसदहरूको समर्थन ।
- कञ्चनपुरमा भएको प्रदर्शनका क्रममा घाइते हुनेहरूको सम्पूर्ण खर्च बेहोरिदिने सरकारी घोषणा ।

भदौ ८: प्रहरीको गोली लागेर सन्नी खुनाको मृत्यु ।

भदौ ८: घाइते आन्दोलनकारीहरूलाई भेट्न गृहमन्त्री रामबहादुर थापा त्रिवि शिक्षण अस्पतालमा ।

भदौ ९: निर्मला हत्याका सम्बन्धमा सोधपुछ गर्न बबिता बम र रोशनी बम, अलिस, आँचल पक्राउ ।

- निर्मला पन्त र सन्नी खुनाको परिवारलाई राहतस्वरूप १०/१० लाख रुपियाँ दिने सरकारी निर्णय ।
- निर्मलालाई न्याय दिन माग गर्दै काठमाडौँमा प्रदर्शन ।
- एसपी डिल्लीराज विष्ट निलम्बित । डिएसपी ज्ञानबहादुर सेठी र प्रहरी निरीक्षक एकेन्द्र खड्का प्रहरी मुख्यालयमा फिर्ता ।

भदौ १०: बिहान १० बजेदेखि भिमदत्त नगरपालिकामा निषेधाज्ञा ।

भदौ ११: भिमदत्त नगरपालिकामा बेलुका ६ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्म निषेधाज्ञा ।

भदौ १२: डिएसपी कृष्णराज ओझा नेतृत्वमा छानबिन समिति गठन ।

भदौ १४: निर्मलाकी साथी रोशनी बमको बगैँचामा रहेको अम्बाको रुख काटियो ।

प्रहरीद्वारा निर्मलाले लगाएको ट्राउजर धोएर प्रमाण नष्ट ।

भदौ १५: हत्यारा पहिचान गर्न माग गर्दै निर्मलाका सहपाठीद्वारा प्रधानमन्त्रीलाई खुला पत्र ।

- खानेपानी मन्त्री विना मगरद्वारा निर्मलाको परिवारसँग भेट ।

भदौ २१: प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल निर्मलाको घरमा ।

भदौ २२: महानिरीक्षक खनालद्वारा घटना अनुसन्धानका क्रममा प्रहरीबाट कमजोरी भएको स्वीकार ।

भदौ २५: हरिप्रसाद मैनाली नेतृत्वको उच्चस्तरीय छानविन समितिका सदस्य वीरेन्द्रबहादुर केसीद्वारा छानविन समितिबाट राजिनामा ।

भदौ २६: दिलीप विष्ट निर्दोष ठहरिएपछि रिहा, बम दिदीबहिनी पनि छुटे ।

भदौ २७: निर्मलाका बुवा र आमा काठमाडौँ आए ।

- गृह मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उच्चस्तरीय छानविन समितिका सदस्य वीरेन्द्रबहादुर केसीले राजिनामा फिर्ता लिए ।

भदौ २८: निर्मलाका बाआमा तथा अभियन्ताको पत्रकार सम्मेलन, निर्मलाका लागि दीप प्रज्ज्वलन, नेपाली कांग्रेसद्वारा निर्मला पन्तको हत्यारा गिरफ्तार गर्न माग गर्दै संसद अवरूद्ध ।

भदौ २९: सदनमा सांसदद्वारा सरकारको आलोचना, निर्मला हत्या तथा बलात्कार प्रकरणको छानविन अन्तिम चरणमा अवस्थामा रहेको गृहमन्त्री रामबहादुर थापाद्वारा सदनमा जानकारी ।